नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# स्थानिय तहको पुनर्संरचना गर्न गठित आयोगबाट हाल सम्मको प्रगति प्रस्तुती बारे

## प्रेस बिज्ञप्ती

आज मिति २०७३/०४/३२ गते संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको सभाहलमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको बारेमा संघीय मामिला तथा स्थानिय विकास मन्त्री र राज्य-मन्त्री समक्ष आयोगले हाल सम्म गरेका कार्यहरू र भावी कार्यक्रमहरुको बारेमा जानकारी गराउने कार्य भयो | सो अवसरमा आयोगका अध्यक्ष तथा सदस्यहरुबाट आयोगको कामका बारेमा रहेका चुनौतीहरु र सोको निराकरणका लागि नेपाल सरकारबाट सहयोगको अपेक्षा गर्दै आयोगले तदारुकताका साथ आफ्नो कार्य अघि बढाउने प्रतिवद्ता व्यक्त भयो | सो अवसरमा आयोगले हाल सम्म गर्दै आएको कामको लागि धन्यवाद दिँदै माननीय मन्त्रीज्यू बाट संबिधान कार्यान्वयन गर्नको लागि स्थानिय तहको निर्वाचन अपरिहार्य रहेकोले सो लाई समेत मध्येनजर गर्दै आयोगले आफ्नो कार्यलाई तीव्रताका साथ अघि बढ़ाउन आग्रह गर्दै आयोगका कामलाई निरन्तर सहयोग र समन्वय गर्ने प्रतिवद्ता व्यक्त गर्नु भयो |

(प्रकाश दाहाल)
सहायक - प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ साउन ३२, काठमाडौं